गरुडा नगरपालिका

Garuda Municipality

# नगर कार्यपालिकाको कार्यालय

## Office of The Municipal Executive

गरुडा, रौतहट

Garuda, Rautahat

मधेश प्रदेश, नेपाल

Madhesh Province, Nepal

पत्र संख्या:२०७९/०८०

मिति:२०८०/०३/०७

**विषय : नगर सभा सातौं बजेट अधिवेशनको बैठक पूर्व सूचना अनुसार आषाढ १० गते नै हुने सम्बन्धमा ।**

प्रस्तुत विषयको सम्बन्धमा गरुडा नगरपालिका नगर सभाध्यक्षले मिति २०८०।०३।१० गते , विहान ११:०० बजे, गरुडा नगरपालिका वडा नं. ४ स्थित कलवार धर्मशालाको हलमा बैठक प्रारम्भ हुने गरी नगर सभा नवौं अधिवेशन (सातौ बजेट अधिवेशन) आह्वान गर्नुभएकोले गाउँ सभा/नगर सभा/जिल्ला सभा कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७ को दफा ३ को उपदफा (६) बमोजिम  नगर सभाको बैठक बस्नु सात दिन अगावै नगर सभाको सचिवले मिति २०८०।०३।०१ गते नगर सभा सदस्यहरुलाई नगर सभाको बैठकमा उपस्थित हुन अनुरोध छ भन्ने व्यहोराको सूचना पठाइएको र उक्त सूचना नगरपालिकाको वेबसाइड र विभिन्न सामाजिक संजाल तथा *सञ्चारमाध्यबाट* प्रचार प्रसार भइरहेको, कानुन बमोजिम अनिवार्य आमन्त्रण गर्नुपर्ने *महानुभावहरुलाई* सभाको सूचाना पठाइसकिएको अवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) बमोजिम आगामी आर्थिक वर्षको लागि नगरपालिकाको बजेट आषाढ १० गते भित्रमा नगर सभामा पेश गर्नु पर्ने  अनिवार्य व्यवस्था भएकोमा सभाको बैठकको सूचना भइ सकेकोमा केही व्यक्तिहरुले नगर सभा बैठक स्थगित भयो भन्ने भ्रामक सन्देश प्रवाह गरिरहेको कुरा झुठ्ठा हो यसमा कुनै सत्यता नभएको कुरा स्पष्ट गर्दछु । यस नगरपालिका नगर सभाका सवै सदस्यहरुमा सूचनामा उल्लेखित मिति, समय र स्थानमा गरुडा नगरपालिकाको नगर सभा सातौ बजेट अधिवेशनको बैठक बस्ने व्यहोरा अनुरोध गर्दछु । साथै मिति २०८०। ०३।०७ मा यस गरुडा नगरपालिका नगर सभाको उपाध्यक्ष श्री पुनम कुमारी चौधरी समेतले यहि आषाढ १० गते आह्वान गरिएको नगर सभाको सातौ बजेट अधिवेशन स्थगित गर्न सचिव मार्फत निवेदन दिनुभएकोमा सो निवेदन गाउँ सभा/नगर सभा/जिल्ला सभा कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७ को परिच्छेद ८ विपरित भएकोले खारेज गरिएको व्यहोरा समेत सम्बन्धित सवैमा अनुरोध छ । पुन: यस गरुडा नगरपालिका नगर सभाका उपाध्यक्ष, नगर सभा सदस्यहरु सबैलाई नगर सभा बैठकमा उपस्थित हुन र कानुन बमोजिम नगर सभा बैठक सञ्चालन प्रक्रियामा सहभागी हुन समेत अनुरोध छ ।

सभाध्यक्ष

कन्थमनी प्रसाद कल्वार

गरुडा नगरपालिका

Email
itofficer.garudamun@gmail.com
prashasan.garudamun@gmail.com
info@garudamun.gov.np

Phone No.
055-565201

Website
https://garudamun.gov.np

"समृद्ध नगर, सुखी नगरवासी"